नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
# शिक्षा विकास तथा समन्वय एकाइ
रुकुम (पश्चिम भाग)

पत्र संख्याः २०८३/०८४
चलानी नम्बरः ११९

मितिः २०८३।०६।०८
नेसं. ११४६ अंलाथ्व तृतीया बिहिबार

**विषयः आवश्यक सतर्कता अपनाउने सम्बन्धमा।**

श्री सामुदायिक तथा संस्थागत विद्यालहरु, सबै।
रुकुम पश्चिम।

प्रस्तुत विषयमा शिक्षा तथा खेलकुद मन्त्रालयको मिति२०८३/०६/०७ गतेको प्राप्त निर्देशन अनुसार यही मिति २०८३ असोज ९, १० र ११ गते नेपालका विभिन्न स्थानमा भारी वर्षादेखि अति भारी वर्षा, उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात तथा हावाहुरी र चट्याङ पर्ने सम्भावना रहेको जानकारी जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सम्बन्धित क्षेत्रका विज्ञहरूबाट पूर्वानुमान भएको छ। यसबाट बाढी, पहिरो डुवान, नदी कटान, हिमपहिरो, सडक अवरोध तथा विद्युत र सञ्चार सेवामा अवरोध हुने जोखिम रहन्छ। तसर्थ यस अवधिलाई त्रासभन्दा पनि पूर्वतयारीसहित सतर्कता अपनाउनुहुन सबै शिक्षण संस्था (विश्वविद्यालय/शिक्षालय/विद्यालय), शिक्षक, विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरू सबैमा अनुरोध गर्दछ ।

मान बहादुर कुमाल
नि. एकाइ प्रमुख
नि. एकाइ प्रमुख

बोधार्थः

श्री स्थानीय तह सबै, रुकुम पश्चिमः- आवश्यक्ता अनुसार आवश्यक निर्णय लिई जोखिम न्यूनीकरण गर्नमा सहयोग गर्नुहुन।